Date: ______ Page: ______

# ४१ औं

आज मिति २०७८।११।११ गतेका दिन पाटन नगरपालिका पाटन, बैतडी का नगरप्रमुख श्री केशव बहादुर चन्द ज्यूको अध्यक्षतामा नगर-कार्यपालिकाको ४१औं बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी देहायको विषयमा छलफल गरियो।

तपसिल

| | |
|---|---|
| श्री केशव बहादुर चन्द | नगरप्रमुख |
| श्री सरस्वति कोली | नगर उपप्रमुख |
| श्री गणेश भट्टराई | अध्यक्ष पाटन १ |
| श्री महेन्द्र प्रसाद पन्त | " " २ |
| श्री फरेन्द्र सिंह बिष्ट | " " ३ |
| श्री दिपक सिंह बिष्ट | " " ४ |
| श्री पुरी बोहरा | " " ५ |
| श्री राजेन्द्र सिंह बिष्ट | " " ६ |
| श्री ललित ब. चन्द | " " ७ |
| श्री पृथ्वीराज पन्त | " " ८ |
| श्री लोक ब. भण्डारी | " " ९ |
| श्री देवेन्द्र कुवर | " " १० |
| श्री मनिराम लुहार | कार्यपालिका सदस्य |
| श्री लालीराम लुहार | " " |
| श्री सुनीता ओड | " " |
| श्री बिमला सार्की | " " |
| श्री बसन्ती दगुल्ला | " " |
| श्री बलदेव राम लुहार | " " |
| श्री पद्मा बिष्ट | " " |
| श्री सुनीता भट्ट | " " |
| श्री रबिन अधिकारी | प्रमुख प्रशासकीय अधिकृत |

Date: ________ Page: ________

प्रस्ताव हरु

१- ता.प्रमु. वीर सिंह महताको सम्बन्धमा।
२- ३८ औं. बैठकमा पेश गरेका ४ वटा नमुना कानुन सम्बन्धमा।
३- परिक्षा सम्बन्धमा।
४- खेलकुद क्लब दर्ता सम्बन्धमा,
५- जग्गा सम्बन्धमा।
६- खेलकुद विकास समिति लाई सहयोग सम्बन्धमा,
७- बैतडी समाज कैलालीले संचालन गर्ने स्वास्थ्य शिविर सम्बन्धमा,
८- वडा नं. २ का किसानको बाली तथा घर नोक्सान सम्बन्धमा,
९- ई.आई.ई. (सुनर्पा नदी र भरतपुर खेलमैदान)।
१०- नगर प्रहरी सम्बन्धमा।
११- कर्मचारी नियुक्ती सम्बन्धमा,
१२- शिक्षा तर्फको शर्मत कार्यक्रम सम्बन्धमा।
१३- नया कक्षाकोठा निर्माण सम्बन्धमा,
१४- सडक सफाई सम्बन्धमा।
१५- निर्माणाधिन भवन को मेरीएसन सम्बन्धमा,
१६- प्रशासनिक खर्च सम्बन्धमा,
१७- अतिरिक्त समय भत्ता तथा राती खाजा खर्च सम्बन्धमा,
१८- आन्तरिक लेखा परिक्षण सम्बन्धमा
१९- हलिया तथ्यांक संकलन सम्बन्धमा,

निर्णय नं. १ प्रस्ताव नं १ माथी छलफल गर्दा पाटन नगरकार्यपालिका को ४०औं बैठकमा ना.सु. वीर सिंह महताको बिषयमा छलफल भएको र सोही छलफल बमोजिम यस पाटन नगरकार्यपालिकाको कार्यालयले मिति २०७५।७।२ को च.नं. १२२६ अनुसार शिवनाथ गाउ पालिकाको कार्यालय लाई पत्राचार गरिएको र उक्त पत्रको जवाफमा शिवनाथ गाउपालिकाको कार्यालय मा विगतमा आचरण विपरितका कार्य हरु गरेका ले जि.स.स. फिर्ता पठाउने भन्ने निर्णय सहितको प्रमाणित पत्र प्राप्त भएमा निजलाई यस पाटन नगरपालिका को कार्यालय बाट समेत फिर्ता गरी जि.स.स. बैतडी को कार्यालय फिर्ता पठाउने निर्णय गरियो।

निर्णय नं. २- प्रस्ताव नं. २माथी छलफल गर्दा ४६ औं बैठकमा पेश भएका ४ वटा कानुन (नमुना) हरु लाई तपसिल बमोजिम पास गर्ने निर्णय गरियो।

१) न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधी २०७५, स्थानीय उर्जा विकास सम्बन्धी निर्देशिका २०७५ लई हु. बहु पास गर्ने निर्णय गरियो।

२) पाटन नगरपालिकाको उपाङ्गता भएका व्यक्ती हरुको परिचयपत्र वितरण कार्यविधि २०७५ लाई निम्न संसोधन सहित पास गर्ने निर्णय गरियो।

– अपांगता भएका व्यक्तीको परिचयपत्र वितरण कार्यविधि २०७५ को परिच्छेद ३ को समिति गठन, दफा ६ मा भएको नगर प्रमुख भएको ठाउमा कार्यपालिका भन्ने शब्द राख्ने निर्णय गरियो।

निर्णय नं ३- प्रस्ताव नं ३ माथी छलफल गर्दा यस पाटन नगरपालिका अन्तरगतको परिक्षा संचालन तथा समन्वय समितिको पेश गरेको नगरस्तरीय परिक्षा संचालन सम्बन्धीको खर्चको अनुमानित रकम रु १७,१६,०८७।- (सत्रलाख सोह्र हजार सतासी मात्र) सामाजिक विकास शिक्षा, चालु तर्फको नगरस्वयंसेवक शिक्षक तथा परिक्षा शिर्षक बाट विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं. ४- प्रस्ताव नं ४ माथी छलफल गर्दा विभिन्न क्लब हरु खेलकुदका लागी दर्ता गर्न आएका र यस नगरपालिकाको कार्यविधि नभएकाले समस्या पर्न गएकाले कार्यविधि नबने सम्मको लागी विधान तथा जिल्लामा भएको दर्ताको आधारमा दर्ता गरिदिने र दर्ता शुल्क रु १०००।- एक हजार राख्ने तर प्रमाणपत्र कार्यविधी तयार भएपछि मात्र उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ५. प्रस्ताव नं. ५ माथी छलफलगर्दा साबिकको महिला विकास कार्यालय र प्राथमिक स्वास्थ्य केन्द्र पाटन बैतडीको स्वामित्व मा रहेको बजार छेउको जमिनको स्वामित्व पाटन नगरपालिका बैतडीको नाममा हस्तान्तरणको लागी सम्बन्धित सबै निकाय हरुलाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. ६ प्रस्ताव नं ६ माथी छलफल गर्दा बैतडी जिल्ला खेलकुद विकास समितिले पाटन बैतडीमा महिला तथा किशोरी हरुलाई आत्मरक्षा–

सम्बन्धी ३ दिने तालिम संचालन गरेको र सो तालिममा भएको खाजा खर्च बापतको रकम खेलकुद शिर्षक बाट रु ४००००/-(चालिस हजार) सो संस्थालाई उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ७

प्रस्ताव नं ७ माथी आवश्यक छलफल गर्दा बैतडी समाज धनगढी कैलालीले बैतडी जिल्लाको पाटन मा विशेषज्ञ स्वास्थ्य शिविर संचालन गर्ने भएकोले आवश्यक सहयोगका लागी अनुरोध गरेकाले सो संस्थालाई शिविर संचालन गर्न अनुमती प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. ८ प्रस्ताव नं ८ माथी छलफल गर्दा पाटन नगरपालिका ९ वडा नं २ को कङ्खार र ओदाली भन्ने स्थानमा मिति २०७२/०२/१६ गतेको अविरल वर्षाको कारण स्थानीय हरुको घर तथा बाली नाली मा नोक्सान पर्न गएको ले समितिले पेश गरेको क्षतिको विवरणको आधारमा बढीमा रु दश हजारमा विपत व्यवस्थापन शिर्षक बाट उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ९- प्रस्ताव नं ९ माथी छलफल गर्दा पाटन ६ को सुर्नया नदी र वडा नं २ को भरतपुर खेलमैदान को ई.आई.ई. गर्ने र सुर्नयानदीको लागत समपुरक कोषबाट व्यहोर्ने (रु २ लाख) र भरतपुर खेल मैदानको ई.आई.ई. को लागत सोही योजना को बजेट बाट व्यहोर्ने समेत निर्णय गरियो।

निर्णय नं. १०- पाटन नगरपालिका अन्तरगत नगर प्रहरी राख्ने सम्बन्धमा छलफल हुदा विधेयक समिति ले आवश्यक कार्यविधी निर्माण गरी सोही कार्यविधी बमोजिम आवश्यक थप कार्य हरु गर्ने निर्णय गरियो।

निर्णय नं. ११- प्रस्ताव नं ११ माथी छलफल गर्दा स्वास्थ्य व्यवस्थापन समिति बाट छनौट भई आएका तपसिल बमोजिमका कर्मचारी हरुलाई नियुक्ती प्रदान गर्ने निर्णय गरियो।

१– शान्ती कठायत बोहरा अ.न.मी. बसन्तपुर स्वा. चौ. बैतडी

२– प्रकाश खत्री अ.हे.व. शहरी स्वास्थ्य केन्द्र उपल्लाबाटुला पाटन ६

३– रत्ना ढुंगाना कार्यालय सहयोगी " " "

४. महिला विकास शाखामा कार्यरत का.स. कमला ओली लाई खाइपाई आएको तलब उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. १२. प्रस्ताव नं १२ माथी छलफल गर्दा सशर्त तर्फको शिक्षा तर्फका कार्यक्रम हरुको विगत वर्ष कार्यान्वयन भएको विवरण सहितको, निर्देशिका लगायत का विवरण हरु जिल्ला शिक्षा विकास समन्वय इकाई बैतडी बाट उपलब्ध गराउन अनुरोध गर्ने र सो विवरण प्राप्त भए पछि छलफल गरी कार्यान्वयन मा लैजाने निर्णय सर्वसम्मत गरियो।

निर्णय नं-१३- प्रस्ताव नं १३ माथी आवश्यक छलफल गर्दा शिक्षा

विज्ञान तथा प्रविधि मन्त्रालय बाट प्राप्त हुने विद्यालयको भवन निर्माण योजना बाट कृष्ण उ.मा.वि. पाटन ६ मा निर्माण गर्ने र कृष्ण मा.वि. पाटन बैतडी मा आकस्मिक कुआकोठा निर्माण गर्दाको लागत रु ३५०००।- (पैतिस हजार नगर-पालिकाको समपुरक कोष बाट भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं. १४ प्रस्ताव नं १४ माथी छलफल गर्दा पाटन नगरपालिकाको अन्तरगतका विभिन्न वडा हरुमा सडक सफाई गरिएको विवरण प्राविधिक प्रतिवेदन सहित अर्को बैठकमा पेश गर्ने निर्णय गरियो।

निर्णय नं.- १५- प्रस्ताव नं. १५ माथी आवश्यक छलफलगर्दा पाटन नगरपालिका बैतडीको निर्माणाधिन भवनको ~~आवश्यक~~ मेरिरमत सम्बधी आवश्यक कार्यको लागी सहसचिव सरहको कर्मचारीको नेतृत्वमा ५ सदस्यीय विज्ञ समुह गठन गर्ने निर्णय गरियो।

निर्णय नं.- १६- प्रस्ताव नं १६ माथी छलफल गर्दा प्रशासनिक खर्च- सम्बधी अर्को बैठकमा छलफल गर्ने निर्णय गरियो।

निर्णय नं. १७- प्रस्ताव नं १७ माथी आवश्यक छलफल गर्दा यस पाटन नगरपालिका अन्तरगतको प्राथमिक स्वास्थ्य केन्द्र पाटन ले २४ सै घण्टे- प्रसुती तथा इमर्जेन्सी लगायतका सेवा हरु नियमित रुपमा प्रदान गरि रहेको ले सो प्रा.स्वा.के. पाटन का सेवा प्रदायक कर्मचारी हरु लाई नियमानुसार को अतिरिक्त समय भत्ता, पोष्टमार्टम भत्ता, रात्री खाजा खर्च लगायतका - भत्ता हरु स्वास्थ्य समिति बाटको कर्मचारी तलब भत्ता शिर्षक बाट उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं.- १८_ प्रस्ताव नं १८ माथी छलफल गर्दा आन्तरिक लेखा परिक्षण गर्नको लागी कोष तथा लेखा नियन्त्रक कार्यालय बैतडी लाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं.- १९ प्रस्ताव नं १९ माथी छलफल गर्दा नेपाल सरकार बाट - २०३३ सालमा मुक्त हलियाको तथ्यांक संकलन गर्दा यस पाटन नगर- पालिका मा बहुसंख्यक हरुको तथ्यांक छुट हुन गएको ले पुन: तथ्यांक संकलन गरी पुन: फप परिचय पत्र उपलब्ध गराई पुर्नस्थापना सम्बन्धी कार्यक्रम संचालन गर्न नेपाल सरकार लाई अनुरोध गर्ने निर्णय गरियो।